नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

## प्रेस विज्ञप्ति

देशभर फैलिदै गरेको डेंगी रोग संक्रमणको अवस्था, यसको रोकथाम तथा नियन्त्रणका लागि भए गरेका कार्यहरू र आगामी दिनमा अवलम्बन गर्नुपर्ने रणनीति लगायतका विषयमा छलफल गर्न नेपाल सरकारका मुख्य सचिव तथा केन्द्रिय अनुगमन समितिका अध्यक्ष श्री शंकर दास बैरागीज्यूको अध्यक्षतामा मिति २०७९ साल भाद्र २२ गते डेंगी रोग नियन्त्रण सम्बन्धी समन्वय बैठक बस्यो। उक्त बैठकमा डेंगी रोगको रोकथाम, नियन्त्रण तथा उपचारका उपायबारे छलफल गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देहाय बमोजिम गर्ने निर्णय भयो।

- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत रोगको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले समन्वय र सहजीकरण गर्ने।
- डेंगी रोग सार्ने लामखुट्टेको “लार्भा खोज र नष्ट गर” को अभियानलाई तीव्र बनाउन सचेतनामूलक तथा सूचनामूलक श्रव्य तथा दृश्य सामग्री विभिन्न तह तथा माध्यमबाट प्रचार प्रसारको व्यवस्था मिलाउने।
- रोगको रोकथाम तथा नियन्त्रणका लागि मोबाईल रिङ्गटोनवाट समेत प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने।
- रोगको पहिचान तथा उपचारमा कमी हुन नदिन आवश्यक व्यवस्था मिलाउने।

उक्त बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवद्वय श्री मधुकुमार मरासिनी, डा. रामप्रसाद घिमिरे, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव श्री देवकुमारी गुरागाई, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री अर्जुनप्रसाद पोखेल, खानेपानी मन्त्रालयका सचिव श्री मणिराम गेलाल, स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दीपेन्द्र रमन सिंह, निर्देशक डा. चुमन लाल दास, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका डा. संजयकुमार ठाकुर लगायतका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

माहादेव पन्थ
प्रवक्ता

मिति २०७९/०५/२२

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल